नियम संख्या : १८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/०८/२९

# कैलारी गाउँपालिका

# गाउँ कार्य पालिकाको कार्यालय

## हसुलिया, कैलाली

# कैलारी सर्वाङ्गीण विकास कार्यक्रम

# संचालन कार्यविधि, २०७४

# कैलारी सर्वाङ्गीण विकास कार्यक्रम
# संचालन कार्यविधि २०७४

**१. प्रस्तावना :-** स्थानीय संचित कोषबाट कैलारी गाउँपालिकाको लागत सहभागिताको आधारमा विभिन्न किसिमका पूर्वाधार विकास, पर्यटकीय विकास, औद्योगिक विकास तथा विकास मुलक कार्यक्रम संचालन र व्यवस्थापन गर्न आवश्यक भएकोले यो "कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालन कार्यविधि २०७४" बनाई जारि गरिएको छ ।

## २. संक्षिप्त नाम र परिभाषा :-

१. यस कार्यविधिको नाम :- "कैलारी सर्वाङ्गीण विकास कार्यक्रम २०७४" रहेको छ ।

२. यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**३. परिभाषा :-** "विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "कोष" भन्नाले स्थानीय संचित कोष भनेर सम्झिनु पर्छ ।

ख. "उपभोक्ता समिति" भन्नाले कैलारी सर्वाङ्गीण विकास कार्यक्रमबाट संचालन हुने आयोजनाका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

ग. "स्थानीय तह" भन्नाले कैलारी गाउँपालिकालाई सम्झनुपर्छ ।

घ. "आन्तरिक स्रोत" भन्नाले आर्थिक कार्यविधि २०७४ बमोजिम गाउँपालिकालाई प्राप्त रकमलाई बुझ्नुपर्छ ।

**४. उद्देश्य :-** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकालाई लागत जनहसभागिताका आधारमा आयोजना संचालन गर्न प्रोत्साहित गर्ने ।

ख. क्षमता विकास तथा रोजगार सृजना गरी स्थानीय तहमा आर्थिक समृद्धी हासिल गर्ने ।

ग. नमुनायुक्त, समृद्ध गाउँपालिका निर्माण गर्न सबै प्रकारका स्रोत साधनलाई उद्देश्यमुलक, पारदर्शी, उत्तरदायी र जवाफदेहिता पुर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने ।

## ५. कार्यक्रम संचालन हुने क्षेत्र, आयोजना र लागत सहभागिता :

कैलारी सर्वाङ्गीण विकास कार्यक्रमका आयोजनाहरुमा लागत सहभागिता जुटाउनुपर्ने छ । यस्ता कार्यक्रमहरु संचालन गर्दा सम्भव भएसम्म भिन्न क्षमता भएका व्यक्तिहरुको सहज पहुँच पुग्ने गरि गर्नुपर्नेछ ।

### क) स्वास्थ्य, सरसफाई तथा वातावरण :

१. पूर्वाधार विकासको ठोस कार्ययोजना सहित फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम ।

२. मसानघाट, शबदाह गृह, निर्माण तथा व्यवस्थापन ।

३. सार्वजनिक सम्पति, ताल तलैया, कुण्ड, पोखरी जीर्णोद्वार तथा संरक्षण ।

४. खानेपानी निर्माण तथा व्यवस्थापन ।

५. सार्वजनिक वा लक्षित समुदायका लागि शौचालय तथा शहरी सेवा केन्द्र निर्माण तथा त्यसको संचालन ।

६. सार्वजनिक स्नानगृह निर्माण तथा त्यसको संचालन ।

७. गाउँपालिका स्तरीय अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य उपकेन्द्रको पूर्वाधार निर्माण तथा संचालन प्राप्त जग्गा वा सार्वजनिक ऐलानी एवम् प्रति जग्गा वा सरकारी जग्गामा बृक्षारोपण, हरियाली पार्क, हरितमार्ग, हरितपार्क, बालउद्यान तथा जयेष्ठ नागरिकहरुका लागि आराम गर्ने स्थल चौतारा आदिको निर्माण संरक्षण तथा व्यवस्थापन, गाउँपालिकाको स्वामित्वमा रहेको वा सरकारबाट अनुमति लिएको सरकारी जग्गामा बृद्ध आश्रमको निर्माण संरक्षण एवं व्यवस्थापन हरित गाउँ प्रावधान कार्यक्रमहरु, खेलकुद भवन, मैदान, पौडी स्थल आदि ।

**ख)  भौतिक पूर्वाधार :**

१. ऐतिहासिक, पुरातात्विक पर्यटकिय सांस्कृतिक तथा प्राकृति सम्पदाको संरक्षण र सम्बर्द्धन ।

२. बस, टर्मिनल, बसपार्क, यात्रु प्रतिक्षालय निर्माण,

३. राजमार्ग बाहेकका सडकहरुमा ढल निर्माण ।

४. सौर्यउर्जा, जलश्रोत तथा वायुशक्ति उपयोग सम्बन्धि कार्यक्रम ।

५. शित भण्डार निर्माण तथा बजार व्यवस्थापन ।

६. गाउँपाकिलाको भवन र गाउँ सभा भवन निर्माण ।

७. पसल घर निर्माण र बजार व्यवस्थापन ।

८. सडक निर्माण पिच कंक्रिट ढलान तथा फुटपाथ निर्माण ।

९. दृश्य अवलोकन टावर निर्माण ।

१०. पशु बधशाला निर्माण ।

११. गाउँपालिकाको स्वामित्वमा निर्माण हुने पुस्तकालय तथा वाचनालय भवन निर्माण ।

१२. गाउँपालिकाको स्वामित्वमा रहेको वा भोगाधिकार प्राप्त जग्गा निर्माण हुने गाउँ स्तरीय  शिशु स्याहार केन्द्र, कभर्डहल र योग भवन निर्माण ।

**ग) आय आर्जन :**

१. गरिबी न्यूनीकरण टेवा पुर्‍याउने आय आर्जन लगायत कार्यक्रम संचालन गर्न सक्नेछ ।

**घ) सार्वजनिक निजी साझेदारी कार्यक्रम :-** सार्वजनिक निजी साझेदारीमा संचालन हुने कार्यक्रमलाई यस कार्यविधि बमोजिम रकम उपलब्ध गराउन सकिनेछ ।

## ६. उपभोक्ता समितिलाई प्राथमिकता :

क) कार्यक्रम संचालनका लागि उपभोक्ता समिति साग सम्झौता गरि लागत जनसहभागिताको आधारमा कार्यसुची अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

साथै उपभोक्ता समिति मार्फत संचालन गर्ने गरि सम्झौता गरिएका आयोजना ठेकेदार मार्फत संचालन गराएको पाइएमा सम्झौता रद्द गरि अन्य प्रक्रिया द्वारा आयोजना संचालन गर्नुपर्नेछ ।

ख) उपभोक्ता समितिबाट कार्य गर्न सकिने भए सम्म ठेक्का पट्टाबाट नगरी उपभोक्ता समितिबाटै गर्ने गरि प्रस्ताव गर्नुपर्नेछ । अर्थात उपभोक्ता समितिलाई प्राथमिकता दिईनेछ । तर उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजना जस्तै : सबै प्रकारका सभा भवन, कवर्ड हल निर्माण, पुल, कल्भर्ट निर्माण, ढल निर्माण, बस पार्क निर्माण, सडक पिच कंक्रिट ढलान, पार्क, रिङ्गरोड जस्तै भौतिक पूर्वाधार विकासका आयोजना संचालन गर्दा उपभोक्ता समिति सँग लोडर एक्जाभेटर जस्ता ठूलो मेशिनरी सामग्रीहरु उपलब्ध नहुने भएकोले ठेक्कापट्टाद्वारा संचालन गर्न बाधा पर्ने छैन ।

## ७. कैलारी सर्वाङ्गीण विकास कार्यैक्रम संचालन समिति :-

१. यस कार्यक्रम संचालन गर्नका लागि देहाए बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. गाउँपालिका अध्यक्ष | – | अध्यक्ष |
| ख. प्रशासकिय प्रमुख | – | सदस्य-सचिव |
| ग. लेखा अधिकृत | – | सदस्य |
| घ. प्राविधिक | – | सदस्य |
| ङ. कार्यपालिकाका जनप्रतिनिधि ३ जना | – | सदस्य |

२. कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालन समितिको काम, कर्तव्य र अधिकार :-

क. आफ्नो गाउँपालिका भित्र संचालन गरिने आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन, नक्सा डिजाइन, इष्टिमेट छनौट गर्ने ।

ख. योजना सम्बन्धि अभिलेख अध्यावधिक गराउने र त्यस्तो योनजाको अनुगमन गरि सुझाव दिने ।

ग. स्थानीय स्रोत साधानको पहिचान र परिचालनमा सहयोग पुर्‍याउने ।

घ. गुरु योजना निर्माण गर्ने र गर्न लगाउने ।

**८. प्रथम किस्ता रकम माग गर्ने प्रक्रिया :-** प्रथम किस्ता रकम माग गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :-

१. गाउँपालिका र ठेकेदार वा उपभोक्ता समिति बीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,

२. आयोजना कार्यान्वयनको कार्ययोजना,

३. यस कार्यविधि बमोजिम फाराम ।

**९. अन्तिम किस्ता रकम माग गर्ने प्रक्रिया :- अन्तिम किस्ता रकम माग गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :**

१. आयोजना सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन,

२. जाँचपास तथा फरफारक गरेको कार्य सम्पन्न प्रतिवेदन,

३. नापी किताबको प्रमाणित प्रतिलिपि,

४. यस कार्यविधि बमोजिमको फाराम,

५. सार्वजनिक परिक्षण गरेको प्रमाणित प्रतिलिपि ।

**१०. रकम निकासा प्रक्रिया :- कैलारी सर्वाङ्गीण विकास कार्यक्रमबाट उपलब्ध गराईने रकमको निकासा देहाय बमोजिम हुनेछ :**

१. आयोजनाको लागि बजेट स्वीकृत भएको जानकारी सम्बन्धित स्वीकृत कार्ययोजना अनुसार आयोजना कार्यान्वयन प्रक्रिया आरम्भ गरि विवरण भरि रकम निकासा माग गर्नुपर्नेछ ।

२. कैलारी सर्वाङ्गीण विकास कार्यक्रम रकम निकासा गर्दा कार्यविधी अनुसार निकासा गरिनेछ ।

**११. आयोजना कार्यान्वयन प्रक्रिया :-** यस कार्यक्रमबाट संचालन हुने आयोजनाहरु कार्यान्वयन प्रक्रिया स्थानीय तहको आर्थिक कार्यविधि २०७४ अनुसार हुनेछ ।

**१२. आयोजना सम्पन्न गर्नु पर्ने समयावधि :-** कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालन हुने आयोजनाहरु चालु आर्थिक वर्ष जेष्ठ मसान्त भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

**१३. आयोजनाको अनुगमन :-** कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालित आयोजनाको अनुगमन गाउँपालिकाबाट गरिनेछ ।

**१४. विवरण सार्वजनिक गर्ने :-** कैलारी सर्वाङ्गीण विकास कार्यक्रमबाट संचालित आयोजना सम्पन्न भएपछि आयोजनको भौतिक उपलब्धि र खर्च सम्बन्धि विवरण सार्वजनिक गरि गाउँपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

**१५. खाता संचालन गर्ने :-** यस कार्यविधि बमोजिम कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालनको निम्ति छुट्टै खाता रहने छैन । यस कार्यक्रमको खर्च स्थानीय संचित कोषबाट हुने गरी प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१६. लेखा परिक्षण :-** कैलारी सर्वाङ्गीण विकास कार्यक्रमको लेखा परिक्षण स्थानीय संचित कोष नियमावली बमोजिम गरिनेछ ।

**१७. बाधा अड्काउ फुकाउने :-** यस कार्यक्रम कार्यान्वयन वा आयोजना संचालन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाको बहुमतको निर्णय गरि बाधा अड्काउ फुकाउन सक्ने ।

**१८. विविध :-**

क. सहयोग गर्नु पर्ने :- यस निर्देशिका मुताविक “कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालन” का लागि जनसमुदाय, संघ संस्था तथा सरोकारवालाहरु सबैको कर्तव्य हुनेछ ।

ख. निर्देशनको पालन :- गाउँकार्यपालिका र कैलारी सर्वाङ्गीण विकास कार्यक्रमको निर्देशन पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

ग. निर्देशिका संशोधन गर्न सक्ने :- “कैलारी सर्वाङ्गीण विकास कार्यक्रम संचालन कार्यविधि २०७४” समयानुकुल बनाउन वा आइपरेका समस्याको समाधान गर्नका लागि आवश्यकतानुसार गाउँकार्यपालिकाले कार्यविवि संसोधन गर्न सक्नेछ ।